नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

उत्तम

विचारणीय

# नाम रूप निरोध

बुद्धको पाँच

ज्ञानमूर्ति



ले. भिक्षु धर्मालोक स्थवीर

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

उत्तम

विचारणीय

# नाम रूप निरोध

## बुद्धको पाँच

ज्ञानमूर्ति



लेखक—प्रकाशक

**भिक्षु धर्मालोक स्थवीर**

श्रीघः विहार नःघल

कान्तिपुर—नेपाल

प्रथमावृत्ति १००० { बु. सं. २५०२ / वि. सं. २०१५ } मूल्य. ।३२

Downloaded from http://dhamma.digital

# त्याग चित्त ज्ञान हो
# लोभ चित्त अज्ञान हो

सकेसम्म अनित्य दुःख जानी त्याग चित्तले पूजा गरी चढाई जानेलाई के फल हुने हो?

प्रसादको भनाईबाट पूजा गरी लोभ चित्तले खाई पिई जीविका गरी रहनेलाई के फल हुने हो?

प्रसाद भनेको ज्ञान र अज्ञान हो, सो बुझ्नु पर्ने छ।

मुद्रक— श्री वागीश्वर प्रेस नेपाल।

भूल सुधार

५ पेजको ४ लाइनमा आर्याष्टाङ्गमुपोषढंको आर्याङ्गष्टामुपोषढं भई रहेको छ, सच्याइ पढ्नु होला।

Downloaded from http://dhamma.digital

# उत्तम विचारणीय

विश्वमा सत्य प्राप्तिको निम्ति अनेक सिद्धान्तहरू उपलब्ध छन्। फेरि यो पनि सत्य हो कि जस्तो सिद्धान्त उस्तै फल पनि। विचारणीय कुरा के भने कुन चाहिं सम्यक दृष्टि र कुन चाहिं मिथ्या दृष्टि।

कुनैको भनाई छ— जलासयन विष्णुको नाभिबाट कमल उत्पत्ति भई सोहि कमलमा उत्पन्न हुनु भएको ब्रह्माले संसार श्रृष्टि गऱ्यो इत्यादि।

कुनैको भनाइ छ— महाशून्य द्वारा उत्पन्न वज्रसत्वको निधारबाट पञ्चरश्मि प्रकास भई बैरोचन प्रादूर्भाव भएपछि सोहि बैरोचनको शरिरबाट चार रश्मि प्रकाश भई चार दिशामा चार बुद्ध उत्पत्ति भयो। यहि पञ्चबुद्धका पाँच पुत्र ( बोधिसत्व ) उत्पत्ति भएको मध्ये पद्मपाणि बोधिसत्व द्वारा संसार श्रृष्टि भयो इत्यादि।

फेरि शाक्यमुनि गौतम तथागतले भने अविद्या ( तृष्णा ) द्वारा नै दुःखमय संसार श्रृष्टि भएको हो भनि प्रतित्य समुत्पाद द्वादशाकारको देशना गर्नु भएको देखिन्छ।

श्रृष्टिको विषयमा यस प्रकारको विभिन्न सिद्धान्तहरू प्रचार

Downloaded from http://dhamma.digital

भई रहेको हुनाले नै यथार्थ सत्यलाई साक्षात्कार गर्न नसकि आपसमा भिन्नता र कलह उत्पत्ति भई आएको हो ।

सम्यक दृष्टि प्राप्त सम्यकसम्बुद्धले सिवाय आदि अन्तको ज्ञान अरूले स्वयं साक्षात्कार गरी देशना गर्न नसकेको कुरा हामीलाई थाहा छ भन्ने दावा गरेर अनेक प्रकारको कल्पना गरी रहनु नै मिथ्या दृष्टि रूपी सागरमा डुबी रहनु हो भन्नुमा केहि अत्युक्ति छैन । संसार कसले बनायो, कहिले देखि सृष्टि भएको भन्ने प्रश्न कसैले गरे पनि भगवान बुद्धले यो प्रश्न अव्याकृत अथवा यस विषयमा चर्चा गरेर निर्णय प्राप्त गर्न सकिंदैन भनि दुःखलाई जानेर दुःख नास गर्ने मार्ग देशना गरी देखाउनु भएको छ । त्यस कारण आफुबाट उत्पन्न भएको दुःखलाई जानेर सो दुःख निरोध गर्नु भन्दा नलागी संसारको आदि अन्तलाई भेट्टाउन खोज्नु निःसार हो । फेरि आफुले साक्षात्कार गर्न नसकेको कुरा अनेक बयान गरी हिंड्नु झन् फजुल छ । तृष्णा रूपी अविद्यालाई यसले बनाएको, उसले बनाएको भनि कसरी भन्ने, अविद्या के ब्रह्माले बनाएको हो ? के बज्रसत्वले बनाएको हो ? के ईश्वरले बनाएको ?

संसारमा पाप, पुण्य, भोग, त्याग, लोभ जे गरे पनि बनाए पनि, नास गरे पनि, जन्म भए पनि, मृत्यु भए पनि आफैले गरेर हुने मात्र हो, कोहि उसको साथ जान सक्ने पनि होइन, आउन सक्ने पनि होइन भने देखि यो संसार कसले बनाएको होला विचार गर !

बौद्ध सिद्धान्तमा संसार बनाउने र विनास गर्ने आफुले

Downloaded from http://dhamma.digital

नै हो र अरूले बनायो भन्ने कुरा नै मिथ्या दृष्टि हो भन्ने देखिन्छ ।

त्यस्तो तृष्णा रूपी अविद्याले बनाएको संसार भनि देखाएको बौद्ध सिद्धान्त छँदाछँदै साकार र निराकारको बिचारै नगरी साकारलाई निराकारमा ल्याई अनेक देव-देवीको मूर्ति बनाई स्वार्थको निम्ति बाह्य पूजा गरी आफ्नु जीवन वृत्ति चलाई रहेको छ ।

बाह्यपूजा गरी रहनेलाई केही सूचना सुनाउनु पर्नेः—

## श्री पार्वती महानिर्वाण तन्त्रमा—

उत्तमं ब्रह्म मधुभाव ध्यान भावस्तु मध्यमः ।
स्तुति जापऽधमोभाव वहि पूजाऽधमाधमः ॥

ब्रह्मलाई— मधु समान भावना गरे उत्तम भाव हुन्छ, खालि ध्यान मात्र गरे मध्यम भाव हुन्छ, खालि स्तुति-जाप मात्र गरे अधम भाव हुन्छ । स्तुति-जाप भन्दा पनि 'वहि पूजा' बाहिर हिंसादि मद्यपान सहित अनक उपचार राखी पूजा गरेमा 'अधमाधम' धर्म नभई झन् उल्टो पापै प्रकट हुने हुन्छ ।

## फेरि मायाजाल तन्त्रमा—

विशुद्ध धर्म नैरात्म्य सम्यग्ज्ञानेन्दु हत्प्रभः ॥

'विशुद्ध धर्म' मा आत्मा भाव रहन्दैन । त्यस सम्यक ज्ञान

Downloaded from http://dhamma.digital

द्वारा निर्मल तेज भएको चित्तमा अनित्य दुःख अनात्मा भाव उत्पत्ति गराई रागादि बिषयबाट अलग भई जाने सर्वत्र दुःखबाट मुक्त हुने मूल उपाय ज्ञान हो।

## फेरि वज्रसत्व कवचमा—

### अमूर्त्ति तत्त्व नहि पृथ्वी......

जुन निर्विकार ज्ञानको बिषयमा चतुर्महाभूतबाट अलग भनि प्रस्त छँदाछँदै कल्पनाबाट ज्ञानलाई साकार मूर्ति बनाई, अनेक कर्म काण्ड, विधि बिधान बनाई, त्यस विषय हिंसा, मद्यादि अनावश्यक पूजाको सामाग्री नभई नहुने शिक्षा बताई आई रहेको र चलाई रहेको यो परमार्थ ज्ञानको आधारमा बाह्य पूजादि गरेको दुश्शीलताको कर्म बिपाक भयंकर दुःख भोग गर्नु पर्ने विधि बिधान बनाई ज्ञानको धर्म र शुद्धाचारलाई बिगारी राखेको बुद्ध धर्ममा योग्यता विधि हो भन्नु कति सरमको कुरा हो। बिचार गर्नु पर्ने विद्वान्हरूको कर्तव्य हो।

यस्तो यस्तो लेखिएको छँदाछँदै पनि यहाँ नेपालमा शून्यतामा निराकार ज्ञान मूर्ति देव-देवीको भावना ल्याई पञ्चशीलको केही वास्ता नै नगरी मद्य मांसले सहित नाना उपचार राखी बाह्य पूजा गरी रहेको छ।

बाह्य पूजा गर्दा जुन ठाउँमा जुन देवता, जुन पूजा गरे तापनि गुरु भई पूजा गर्ने आचार्यहरूले वाक्य द्वारा गुरु मण्डल अध्ययन गरि 'गुरु बुद्ध, गुरु धर्म, गुरु संघ' भनि स्तोत्र गरी

Downloaded from http://dhamma.digital

फेरि शून्यतामा श्री वज्रसत्वको आवाहन गरि पञ्चोपचार पूजा, रत्न मण्डल चढाई, वज्रसत्वको अगाडि 'रत्नत्रयं मे शरणं' भनि त्रिरत्नको शरण गई पाप देशना, पुण्यानुमोदना इत्यादि 'कृतोपवासं चरिष्यामि आर्याष्टाङ्ग मुपोषधं' आर्य अष्टाङ्ग शील पालना गरी उपवास चलाउँछु भनि प्रार्थना गरी अन्त्यमा 'सर्व प्रकारं जगतो हिताय, कुर्यात्मजस्त्रं सुखसं हिताय' सबै तरहबाट जगतलाई हित गर्छु, पछि आफ्नु आत्मालाई सुखसंग हित गर्छु भनि पढ़ेको सुंदा कतिको ठूलो महत्व देखिएको छ। तर वाह्य पूजा हिंसादि कर्म गर्ने ठाउँमा पनि यही गुरु मण्डल पढी पूजा गर्नु, यो कत्रो भूलको कार्य हो।

गुरु मण्डल पढ़ेको भावना कतिको महत्व पूर्ण छ। संसारको बन्धनबाट मुक्त भई निर्वाणपद सम्ममा प्राप्त हुने भाव बुझिन्छ, यस्तो महोत्तम गुरु मण्डलको भावना गरी त्रिरत्नको शरणमा गई आर्याष्टाङ्ग उपोषध शील पालना गरी आफ्नु स्वभाव शुद्ध गरी पूजा गर्ने गराउनु पर्नेमा वाक्यले मात्र "स्वभाव शुद्धा सर्व धर्मा स्वभाव शुद्धो हं" भनेर पढी ज्ञानान्ध भई जे ठाउँमा पनि यही गुरु मण्डल पढी पूजा गरी सिद्धि सकेपछि गुरु मण्डलको भावना आर्याष्टाङ्ग उपोषध शील ता काहाँ पञ्चशीलका पनि रक्षा नगरी हिंसादि मांस मद्य खाई, पिई जथाभावि गरी हिड्ने के यो गुरु आचार्यहरूले आफुले आफुलाई नै बञ्चरोले हानेको जस्तो होइन कि कसो?

यस्तो महान् उत्तम गुरु मण्डल गुरु आचार्यहरूले जे पूजामा पनि पढी त्यसको भावना आफुले केहि पनि नगरी अरुलाई

Downloaded from http://dhamma.digital

पनि नसुबाई खालि स्वार्थको निम्ति मात्र पूजा गर्ने गरी काम चलाई आएकोले, याहाँ नेपालका गुरु जजमानहरू धर्मान्ध भई आचार्य उपद्रव भई रहेको देखिन्छ। यस कारण गुरु भई पूजा गर्ने आचार्यहरूले गुरु मण्डल अध्ययन गरी यसको भावना आफुले गर्नु पर्ने हो वा अरू देवतालाई चढाउने रास्नरी बुझाई यो ठाउँमा गर यो ठाउँमा नगर्ने विचार गरी गुरु मण्डल पढेको माफिक आफ्नु स्वभाव शुद्ध गरी पञ्चशील, अष्टशीलको ज्ञान बताई शील पालना गर्ने र गराउन दिने गरी पूजा चलाएको खण्डमा यो नेपालमा भएको पूजा विषयमा कस्तो प्रशंसनीय "प्राचीन पूजा" देखिन आउँछ। यही शील नै पालन नभएको पूजा हुनाले यहाँका लोकहरू अन्ध भक्तिमा परी दुःखित भई रहेका छन्।

शील पालना गर्नु पर्ने कुरा श्रावक यानमा मात्र होइन, तन्त्रयान, महायानमा पनि यस्तो लेखिएको छ:—

> मारणं चौरिकांचापि परस्त्री मृषाव च।
> त्यजस्व विषवत्सर्वं पञ्चमं मद्यमेव च॥

मार्नु, चोर्नु, परस्त्री गमन गर्नु, झूठ बोल्नु, मद्यपान गर्नु यी पाँच ठोक विष समान सर्वत्र त्याग गर्नु पर्छ।

यस्तो लेखिएको छँदाछँदै पनि तन्त्रयान, महायान भनि पञ्चशील नै रक्षा नगरी पूजा गरेको कसरी महायान भनि लोकहरूलाई बताउनु देखाउनु हुने हुन्छ। बताउनु देखाउनु नहुने धर्म कसरी महान् ठूलो होला। ठूलो भए बुद्ध भगवानले

Downloaded from http://dhamma.digital

जुन प्रकारले देशना गर्नु भएको हो त्यस्तै सबैलाई बताई देखाई तारणा गर्नु पर्छ, आफुले पनि गर्नु पर्छ।

फेरि गुरु आचार्यहरूले जे पूजामा पनि

ये धम्मा हेतुप्पभावा तेसं हेतु तथागतो आह।
तेसं च यो निरोधो एवं वादि महा समनो॥

भनि पढ्छ, त्यसको भाव बिचार गर्दैन।

भगवान बुद्धले ता बुद्धत्व प्राप्त गरी सकेपछि संसारमा उत्पन्न हुने हेतु र निरोध हुने उपायलाई प्रज्ञा द्वारा यथार्थ जानी सत्व प्राणीको उद्धार गर्न आर्य्य अष्टांगीक मार्ग र प्रतित्य समुत्पाद द्वादशाकार ब्याख्यान गर्नु भो। त्यस कारण अबिद्या (तृष्णा) द्वारा नै संसार उत्पत्ति भएको हो यही अविद्या निरोध गरेमा संसारको सर्व दुःख निरोध हुने छ भन्ने बिदित हुन्छ। यही कुरा बुझ्न नसकी अविद्यामा परी संसार शृष्टिको बिषयमा अनेकानेक सिद्धान्तहरू निस्केका छन्। तसर्थ मैत्री पूर्वक बिबेक युक्त भई अध्ययन गरे देखी छलफल द्वारा अवश्य यथार्थ बोध भई निर्णय हुने छ।

यदि यस्तो नभई ग्रन्थमा लेखेको भन्दै आफ्नो मतलब सिद्ध गर्ने लक्ष लिएर लेखि राखेको ग्रन्थहरूको आधारमा बिश्वास गरी रह्यो भने मिथ्या दृष्टिबाट कहिल्यै छुटन सकिन्दैन। कर्माकर्मको हेतुबाट उत्पत्ति भएर पनि कर्म सुधार गर्ने बिचार नगरे संसारमा दुःख भई रहने अविद्या (तृष्णा) तर्फ दृष्टि नराखी ज्ञानलाई कल्पना द्वारा बनाई राखेको मूर्तिको भावना गरी तन्त्र मन्त्रको आधारमा देब देबीको भरोसामा

Downloaded from http://dhamma.digital

मात्र दगुरी रह्यो भने सत्यलाई यथार्थ दर्शन गर्न सक्ने नै कसरी? मत यसले दुःखबाट मुक्त हुन सक्छ, यसैलाई धर्मान्ध भनेको हो।

जुन नाम रूपको संयोग भएपछि अष्टलोक धर्म (लाभ, अलाभ, निन्दा, प्रशंसा, यश, अयश, सुःख, दुःख) को कारण जुन ज्ञानलाई जानो उसबाट छुत्कारा पाउनु यही सच्चा मार्ग सम्यक दृष्टि भनि जान्नु, यसलाई नजान्नु नै मिथ्या दृष्टि हुन्छ।

कुनै तान्त्रिक आचार्यले यो तान्त्रिक धर्म सबै महान धर्म हो भनि अन्धकारमा बसी हाम्रा पुर्खाले यस्तो गरि गएको छ भनि कराएर आजको भौतिक जगतका मानवहरूले बिश्वास कसरी गर्ला? यदि महान् धर्म हो भने प्रकट रूपले नै संसार हितको निम्ति प्रचार गर्न अग्रसर हुनु होला। होइन भने गुरु आज्ञा भन्दैमा बिश्वास कसरी होला? तसर्थ क्रोध इर्ष्यालाई छोडी मैत्री र बिवेकले युक्त भई संसारमा रहेको आडम्बर धर्म र मिथ्या दृष्टिलाई छुटाउन प्रश्नोत्तर तथा छलफल हुँदै रह्यो भने अवश्य भूल सुधार हुनेछ।

बिचारवानहरूले यो सानो पुस्तक हेरी साकारमा आई निराकारमा जानु पर्ने बिचार गरी शिघ्राति शिघ्र बिशुद्ध धर्मको उदय गराई सत्वप्राणी उद्धार होवस् यही आशा छ।

—लेखक

Downloaded from http://dhamma.digital

# नामरूप निरोध

यो संसारमा सत्व प्राणी उत्पत्ति हुने र भइरहेको हेतुलाई तथागत अर्हत् सम्यक सम्बुद्धले "नाम-रूप" को संयोगलाई नै बताउनु भएको छ।

नामस्कन्ध भनेको विज्ञान रूपस्कन्ध-चतुर्महाभूत अर्थात् [ पृथ्वी, पानी, अग्नि, वायु ] मा आकाश स्थान बनी संयोग हुनु नै नामरूप संयोग भएको हो।

सोही विज्ञान रूपस्कन्धमा प्रवेश भई सत्व बनी सत्व नै प्राणी आदि अनेक भइरहेको हो। जबसम्म शुद्ध सूक्ष्म तथा व्यापक भईरहेको विज्ञान धातुलाई साक्षात्कार गरी चतुर्महाभूतदेखि अलग हुन सकिदैन तबसम्म पञ्चस्कन्ध [ रूप वेदना, संज्ञा, संस्कार, विज्ञान ] को पुञ्ज खडा भइरहन्छ, पञ्चस्कन्ध जहाँसम्म रहला तहाँसम्म दुःखबाट छुटकारा पाउन सकिंदैन।

जुन बेला सो विज्ञान चतुर्महाभूतमा संयोग हुँदैन सोही बखतमा मात्र पाँच धातु पनि शुद्ध पवित्र हुन्छ। जुन व्यक्तिले यो अवस्था प्राप्त गरी लिन्छ उनैलाई विरज बिमल ज्ञान प्राप्त भएको तथा मोक्ष ( निर्वाण ) भएको अर्थात् जन्मजरा व्याधि मरणद्वारा मुक्त भएको भन्छन्।

जब विज्ञान रूपमा प्रवेश हुन्छ अनि त्यसको कारणले षडायतन [ चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन ] उत्पत्ति भई

Downloaded from http://dhamma.digital

सोही षड् इन्द्रियको ६ वटा विज्ञान बढाभई मनोविज्ञानमा धर्म भई नाना धातु उत्पत्ति भईरहेको हुन्छ ।

यसमा विचारणीय कुरा के भने आकाश धातु स्थान भई चतुर्महाभूत ( रूपस्कन्ध ) मा विज्ञान धातु संगम हुँदा रूपादि विषयको कारणले वेदना भनेको सो शुद्ध विज्ञानमा केही तर्कना उठ्ने मलाई यस्तो भयो भन्ने सो शुद्ध पवित्र आदि विज्ञानमा प्रभाव परी ( अनुभव भई ) आएको नै अविद्या उत्पन्न भएको हो ।

यदि नामरूप संगम नभएको भए अविद्याको प्रादुर्भाव नै हुने थिएन, जब नामरूपको कारणबाट अविद्या ( म मेरो मलाई यस्तो चाहियो, उस्तो भयो भन्ने ) ले गर्दा अनेक संस्कार बनी क्रमशः द्वादशाकार बनी जन्म जरा व्याधी मरण भई जाने हुँदा सो देखी भयभीत भई अथवा माया लिंदैमा अविद्या थपाथप थपी घुमी रहेकोलाई नै संसार चक्र तथा भव चक्र भनेको हो ।

यही भव चक्रमा तथागत उत्पन्न भई अर्हत सम्यकसम्बुद्धको ज्ञान बुद्धगयामा प्राप्त गरी अविद्यालाई साक्षात्कार गरी शुद्ध धर्म चक्र चलाउनु भएको हो। यो धर्म सबभन्दा पहिले ऋषिपतन मृगदावनमा पञ्च भद्रवर्गीहरूलाई धर्म देशना गर्नु भएको थियो।

यही अविद्याको कारणले प्रज्ञा हीन भई स्वर्ग नरक आदि बनी रहेको हो। यो कसो भने मनो धातुद्वारा धर्मधातु संयोग भई उत्पत्ति भएको मनोविज्ञान अष्टलोक धर्म ( लाभ, अलाभ, निन्दा, प्रशंसा, यश, अयश, सुख, दुःख ) मा परी सोही धर्ममा टाँसिई त्यसबाट छुट्न नसकेकोले नै स्वर्ग नरकको चक्र

Downloaded from http://dhamma.digital

चलिरहेको हो।

प्रज्ञाको अभावले ज्ञान हीन भई अविद्या बृद्धि हुँदा म मेरो भन्नु केही छैन भन्ने अनित्य दुःख अनात्मत्व थाहा नपाई सोही अविद्याको कारणले असल कमसल संस्कार बनी भव-चक्रमा घुमिरहेको हो।

सोही अविद्यालाई निःशेष गरी त्याग गर्न सके मात्र संस्कारादि द्वादशाकार नष्ट भई जन्म जरा व्याधि मरण दुःख बाट मुक्त हुन्छ यसैलाई दुःख निरोध भनेको हो।

यही जन्म जरा व्याधि मरण दुःखलाई अन्त गर्न तथागत अर्हत् सम्यक्सम्बुद्ध उत्पन्न भई चतुरार्य्य सत्य, दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य, दुःख निरोध गामिनी प्रतिपदा आर्य्य सत्यलाई यथार्थ बोध भई सो दुःखबाट मुक्त हुने आर्य्य अष्टांगिक मार्ग मध्यम मार्ग पहिल्याई देशना गर्नु भएको थियो।

त्यो हो – सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाक्य, सम्यक कर्म, सम्यक व्यायाम, सम्यक आजिविका, सम्यक स्मृति, सम्यक समाधि।

यसमा विचारणीय कुरा के भने-अविद्याको कारणबाट नै संस्कार नाश गर्न नसकी भवचक्रमा घुमिरहनु परेको र अविद्या निरोध नभई जन्म जराव्याधि मरणाधि दुखः नाश नहुने कुरालाई थाहा नपाउनु नै सम्यक्दृष्टिको विपरित मिथ्या दृष्टि हो। फेरि आफ्नो कर्म र बुद्धिलाई वास्ता नराखी यता उताको कुरा सुनी अन्यत्र शरण जाने र गईरहेको दृष्टिलाई छोडी निर्बुद्धि अकर्मद्वारा भईरहेको दुःख र दुःखको कारणलाई

Downloaded from http://dhamma.digital

जानी सो दुःखलाई अन्त गर्नुलाई नै अष्टांगीक मार्गको पहिलो मार्ग सम्यक दृष्टि भन्छन् १.

सोही दुःख अन्त गर्नलाई अव्यापाद अविहिंसा नैष्क्रम्य गर्नु, अथवा शुद्ध मार्गमा लाने ज्ञानलाई दूषित गर्ने लोभ द्वेष मोहलाई त्याग गर्नुलाई सम्यक संकल्प भन्छन् २.

सोही दुःख अन्त गर्नलाई जस्तै दुःखकष्ट पीर परे पनि झूठ कुनै बखतमा पनि नबोल्नु, जस्तै सुखः प्राप्ति हुने भए तापनि कुनै बखतमा पनि झूठ नबोल्नेलाई सम्यक वाक्य भन्छन् ३.

सोही दुःख अन्त गर्नुलाई प्राणीघात, चोरी, व्यभिचार आदि कुकर्म नगरी पञ्चशील पालन गरी परउपकारी हुनलाई सम्यककर्म भन्छन् ४.

सोही दुःख अन्त गर्नलाई बल उद्योगद्वारा अकुशल कर्महरूलाई हटाई कुशल कर्म दान शील भावनावृद्धि गर्दै जानलाई सम्यक् व्यायाम भन्छन् ५.

सोही दुःख अन्त गर्नलाई अकुशल कर्म अथवा पञ्च दुशील कार्यबाट बची दिन्नादान, श्रद्धाद्वारा प्राप्त भोजन गरी जीवित भैरहनलाई नै सम्यक आजीविका भन्छन् ६.

सोही दुःख अन्त गर्नलाई चारस्मृति प्रस्थान् प्रतिदिन खाँदा पिउँदा सुत्दा जाँदा बस्दा सर्बदा अनुस्मरण गरी बस्ने जस्तै कायानुस्मृति भनेको यो शरीर दुःखमय हो यसमा दुर्गन्धले भरिएको र यो अनित्य नाश वान हो नित्य होइन, विचार गरी हेरे केवल चतुर्महाभूतले मात्र बनेको हो। सम्यक ज्ञानदृष्टिबाट

Downloaded from http://dhamma.digital

यो न मनै हो न मेरो नै हो वायु वायु नै पृथ्वी पृथ्वी नै जल जल नै अग्नि अग्नि नै हो म पनि होईन मेरो पनि होईन यो त केवल मनोबृद्धिद्वारा उत्पन्न सुकर्म कुकर्मको फल भोग्नलाई मात्र प्राणी उत्पन्न हुन परेकोले चारयोनिमध्ये एकयोनिद्वारा उत्पत्ति भईरहेको मात्र हो। यो शरीर आफूले गरी आएको कर्म बिपाक काय संस्कार सकिए पछि चारमहाभूतमा नै विलीन भएर जान्छ। त्यस वेला म, मेरो भन्ने अभिमान कहाँ पाउँला भन्ने आमाको गर्भमा प्रवेश भएदेखि मृत्यु भई नजलाएमा मृतक देह विकृत हुँदै जाने सडी किरा पर्ने आदि अनुस्मरण गर्दै जाँदा यो शरीरको निम्ति लोभ मोह गरी बसेको सारत्व नदेखी ( बैराग ) त्याग बलवान गरी सोही त्याग दुःख अन्त गर्ने उपाय हो भनी जानीरहनलाई कायानुस्मृति भन्छन्।

त्यस्तै वेदनानुस्मृति भनेको सुख वेदना दुःख वेदना न सुख न दुःख वेदना यो त्रिवेदनाले कसैलाई पनि छोड्ने होइन भनी जानी दुःख वेदनादिलाई सहनु दाँतकीची शान्तिपूर्वक अनुभव गर्नलाई नै वेदनानुस्मृति भन्छन्।

त्यस्तै चित्तानुस्मृति भनेको चित्तको उत्पत्ति स्थिति भङ्ग त्यस्तै चित्त उत्पन्न हुने १. विषय २. कारण ३. सहकारी ४. संस्कार यी चार पदार्थले चित्त र चैतन्य बनीरहेको हो। त्यसमा अनित्य जानी बैराग्य त्याग बल द्वारा संस्कार नाश गरी ल्याउन सके मात्र संस्कार नाश हुने हो संस्कार नाश भए पछि मात्र चित्त निरोध भई जाने हो भन्ने स्मृति राखी रहँदा चंचल चित्त नाश भई जाने हो, चित्त नाश हुनु नै संस्कार अन्त हुनु हो भन्ने अनुस्मरण गर्नलाई चित्तानुस्मृति भन्छन्।

Downloaded from http://dhamma.digital

त्यस्तै धर्मानुस्मृति भनेको तथागतको श्रीमुखबाट देशना गर्नु भएको चतुरार्य्य सत्य आदि धर्मस्कन्धलाई अनुस्मरण गरी लाभ, अलाभ, निन्दा, प्रशंसा, यस, अयस, सुख, दुःख अष्टलोक धर्मलाई प्रज्ञा द्वारा पहिले नै अलग गरी राख्न सक्नु नै दुःख सुखको अन्त हुने हो भन्ने ध्यान गर्नलाई धर्मानुस्मृति भन्छन् ७.

सोही दुःख अन्त गर्नलाई संज्ञावेदित निरोध समापत्ति प्राप्त गरी शरीरमा रहेर पनि निरोध ज्ञानलाई साक्षात्कार गरी मिथ्याभाव बचाई विमल विज्ञानको धारा बहाई रहनु नै मोक्ष निर्वाणको निकट हुनु हो भन्ने प्रज्ञा ज्ञान जानी ध्यानमा तत्पर भई एकाग्र चित्त गरी रहनलाई नै सम्यक् समाधी भन्छन् ८.

यही अष्टाङ्गीक आठ मार्ग बिना दुःख अन्त गरी मोक्ष निर्वाण प्राप्त गर्ने अर्को उपाय मार्ग छैन। अविद्या द्वारा छुटकारा पाउने उपाय पनि अरू कुनै मार्ग छैन। म मेरो भन्ने अभिमान अविद्या द्वारा छुटकारा पाउन नसके सम्म नामरूपको संयोगलाई छुटाउन सकिन्दैन। नामरूपको ज्ञान जानी अविद्या नाश गर्नलाई नै संसारमा तथागत उत्पन्न भएको हो। तथागत उत्पन्न भए पछि मात्र अर्हत् सम्यक्सम्बुद्धको ज्ञान प्रकाश भएको हो।

तथागत शुद्ध निर्मल शून्यता द्वारा उत्पन्न भई शून्यतामा नै विलीन भई जाने हो। अर्हत् सम्यक सम्बुद्ध पनि शुद्ध स्थानबाट उत्पन्न भई अनित्य दुःख अनात्मलाई बोध गराई शुद्ध स्थानमै विलीन भई जाने हो। तसर्थ कुनै मानवहरूले दुःखबाट मुक्त भई

Downloaded from http://dhamma.digital

विरज विमल ज्ञान प्राप्त गर्ने हो भने अरू अरू यान मतमा जानु भन्दा बुद्धयानमा नै जानु पर्छ भनी जान्नु ।

अर्को अनेक यान मत भनेको वास्तवमा विद्यमा नै छ । तर बुद्धैको धर्ममा हेरी आफू अगुवा बनी बनाई राखेको हो । प्रत्येक आचार्य्यको भनाइबाट यो स्पष्ट भएको छ कि उनीहरूले भगवान् सम्यक्सम्बुद्धकै ज्ञानमा ज्ञान लिई आफु अधिसरी नाम र माम तुल्याई बसेको हो ।

महायान (बौद्ध धर्म) मा वहनलाई बोधिचित्ताभिषेक लिन्दा प्रथम यो नियम पालन गर्नु पर्दछ भनी मञ्जुश्री पाराजिका भन्ने ग्रन्थमा लेखिएको छः—

नहि प्राणी बधकार्यं त्रिरत्न मा परित्यजः ।
आचार्यं ते न संत्याज्य संवरो दुरतिक्रमः ॥

प्राणी हिंसा कहिल्यै नगर्नु, त्रिरत्न (बुद्ध, धर्म, संघ) र आचार्यहरूलाई न त्याग्नु । यति कुरा गर्नु सक्दछ भनि कबुलियत गरे पछि मात्र बोधिचित्ताभिषेक दिने आरम्भ गरिं छ । फेरि यसै बिषयलाई पुष्टि गर्दै "गुह्यसमाज तन्त्र" भन्ने ग्रन्थमा पनि यसरी लेखेको छ—

प्राणिनश्च न ते घात्या अदत्तं नैव चाहरेत् ।
माचरेत् काममिथ्या च मृषा नैव हि भाषयेत् ॥

प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, परस्त्री गमन नगर्नु, असत्य कुरा नगर्नु ।

Downloaded from http://dhamma.digital

सर्वार्थस्तस्य मूलत्वात् मद्यपानं विवर्जयेत् ।

सबै प्रकारका अनर्थको मूल कारण स्वरूप मद्यपान हुनाले सो मद्यपानलाई त्याग्नु आवश्यक छ ।

जाँड रक्सी नखानु भन्ने यस्तै जहाँतहीं ग्रन्थहरूमा पनि लेखिएको छ ।

फेरि "काल चक्र तन्त्र" भन्ने ग्रन्थमा --

हिंसाऽसत्यं परस्त्री त्यजस्व परधनं मद्यपानं तथैव ।

हिंसा, असत्य कुरा, परस्त्री, परधन र मद्यपान यी पाँच कार्य त्याग गर्नु पर्छ भनि लेखिएको छ ।

फेरि अर्को विचारणिय कुरा के भने त्रिशरण भाव शुद्ध भए मात्र धर्म शुद्ध हुनसक्छ । तसर्थ त्रिरत्न र त्रिगुणको विषयमा केही विस्तार गरौं ।

बुद्ध धर्म संघ त्रिरत्नभाव हुन् । ब्रह्मा विष्णु महेश्वर त्रिगुणभाव हुन् । त्रिरत्न बुद्ध धर्म संघ भनेको कसोभने बुद्धत सर्वज्ञ नै भयो । धर्म भनेको उनकै उपदेश भयो । संघ भनेको उनकै उपदेशानुसार पालन गरी जाने आठ पुद्गललाई भनेको हो ।

सो आठ पुद्गल को को भने- श्रोतापन्न मार्ग पुद्गल र फल पुद्गल, सकृदागामि मार्ग पुद्गल र फल पुद्गल, अनागामि मार्ग पुद्गल र फल पुद्गल, अर्हत् मार्ग पुद्गल र फल पुद्गल यही चार मार्ग पुद्गल र चार फल प्राप्ति पुद्गललाई नै संघ भनेका हुन् ।

Downloaded from http://dhamma.digital

श्रोतापत्ति मार्गबाट फल प्राप्ति प्राणीको चित्तधार कहिल्यै अधोगतिमा पर्न जाँदैन, धेरै जन्म लिनु परे सात पटकसम्म जन्म लिएर क्लेशलाई नाशगरी नामरूपको संयोगलाई छुटाई जाने पुरुषलाई भन्छ।

सकृदागामी मार्गबाट फल प्राप्त प्राणी एक जन्म लिएर क्लेशनाश गरी नामरूपको संयोगलाई छुटाई जान्छ।

अनागामि मार्गबाट फल प्राप्त प्राणि-शुद्धाबास ब्रह्मलोकमा गई वहींबाट बाकी क्लेश नास गरी नामरूपको संयोगलाई छुटाई जान्छ।

अर्हत मार्गबाट फल प्राप्त प्राणी त यही जन्ममा आश्रवलाई क्षयगरी बिरज बिमल भई यही जन्ममा नामरूपको संयोगलाइ छुटाइ मुक्त भई निर्वाण फललाई प्राप्त गर्छ।

त्रिगुण भनेको ब्रह्मा, विष्णु महेश्वर तीन जनाको तीन गुण सत्व, रज, तमो गुणको श्रृष्टि स्थिति संहारको अधिपति भैरहेका उत्पत्ति स्थिति भंगको चक्रमा मानिसहरूलाई घुमाइराखेकोलाई भनेको हो। यसलाई नै संसारचक्र पनि भन्छन्।

यस्मा त्रिरत्नमा शरण जानु र त्रिगुणमा शरण जानुमा कुनमा उत्तम भनी विचार गर्नु वा भाब नभुलाउनु मानव जन्मको सारतत्व हो।

यस विषय रामचन्द्र ब्राह्मणले "भक्ति-सतक" मा लेखेका छन् कि—

ब्रह्माविद्याभिभूतो दुरधिगम महामाययाऽलिङ्गितोसौ
विष्णू रागातिरेकान्निजबपुषि धृता पार्वती शङ्करेण।

Downloaded from http://dhamma.digital

वीताविद्यो विमायो जगति स भगवान् वीतरागो मुनीन्द्रः
कःसेव्यो बुद्धिमद्भिर्वदत वदत मे भ्रातरस्तेषु मुक्त्यैः ॥

ब्रह्मा अविद्या भूत हो संसारलाई लामो मात्र गर्ने, विष्णु पनि मायाको खानि बनी लक्ष्मी आलिङ्गन गरी बस्ने, शंकर पनि राग युक्त भै पार्वतिलाई काखमा लिई हिंड्ने, तसर्थ हे विज्ञ जन हो। अविद्याबाट अलग भएका मायालाई छुटाइसकेका राग नभएका उनी बुद्धछोडी म अरू कसको शरणमा जाऊँ" भनी लेखेको अनुसार त्रिगुणमा शरण जानु र त्रिरत्नमा शरण जानुमा कुन उत्तम होला विचारवानहरूले विचार गर्नु योग्य छ। उनै तथागतको गुण केवल बौद्धहरूले मात्र वर्णन गरेको हैन प्रसिद्ध वैदिक आचार्य्य शंकराचार्यले पनि एक समयमा बुद्धको स्तोत्र गर्दा भनेको छकि "योगीनां चक्रवर्ति" इत्यादि। तसर्थ त्रिरत्नकै गुणमा शरण जानु उत्तम होला। यो चित्तरत्नले जसको शरण गयो तेस्तै फल प्राप्ति हुने हो।

यी दुई भाव आदि अनादिदेखि खिचातानी हुँदै आइ-रहेको हो। कुनै समयमा मिथ्या दृष्टिको बल बृद्धि हुने कुनै समयमा सम्यक दृष्टिको बल वृद्धि हुने हो भनी भगवान् बुद्धले भन्नु भएको छ। फल मात्रै आफ्नो आफ्नो बुद्धि ज्ञान भाव अनुसार प्राप्त हुने हो। तसर्थ नाम रूपलाई छुटाउनु र त्रिगु-णमा भुलिरहनु संसारचक्रमा घुमिरहनु दुवै आफ्नै आफ्नै हातमा छ।

दानको बलले लोभ नाश गरी शीलको बलले द्वेष छुटाई भावनाको बलले मोह नाश गरी मैत्री करुणा मुदिता भाव

Downloaded from http://dhamma.digital

राखेर पनि नभए सांसारिक झगडाबाट यदि जित्नु छ भने उपेक्षा भाव गरेर नै जानुपर्छ भनी जान्नु पर्छ।

यसमा मेरो अल्प बुद्धिबाट देखेको बिचार के भने महायान होस् या हीनयान जुन सुकै यान भने पनि ज्ञान त तथागत अर्हत सम्यकसम्बुद्धकै हुन्।

विचारणीय कुरा के भने—पञ्चबुद्ध, अपरमिता, करुणामय, तारा, हेरुक चक्रसंबर, नैरात्मा, बज्रसत्व इत्यादि। ज्ञानमूर्तिलाई देवता तुल्याई शील समाधी प्रज्ञालाई वास्ता नराखी नगराई बाह्य जप स्तोत्र पुजा पाठ गरी ज्ञान भाव एकातिर पारी शील, विनय, शुद्धभावना र स्तोत्र तंत्र मंत्रको सम्यक अर्थ समेत नभएको केवल आचार्य्यको स्वार्थ पुरा गर्न आफू देवता बनी अर्थन बर्थको मन्त्र दिक्षा शिक्षा दिएर मन्त्रद्वारा पाप शोधन हुन्छ भनी पञ्चशीलादिलाई वास्तै नराखी राख्न पनि नदिई देवता पूजा गर्ने धर्म भनी हिंसा र मद्य पानादि सेवन गरी गराई दुनियाँलाई आँखामा छारो हाली तथागत अर्हत सम्यक्सम्बुद्धको ज्ञानलाई देवता बनाई 'आचरण' आचार्य्य उपद्रव भै रहेको हो।

एक एक आचार्य्यको एउटा एउटा ज्ञानलाई देवता बनाई सोही देवता आफु बनी कसैलाई भन्न हुँदैन देखाउनु हुँदैन भनी नियम बाँधी दोष देखाई तर्साई राखेको हो कसैले भन्यो देखायो भने यस्तो हुन्छ उस्तो हुन्छ भनी तर्साई राखेको हुनाले भन्न पनि नहुने देखाउनु पनि नहुने भएकोले मात्र भूल भुलैयामा पारी राखेको हो, नत्र भने ज्ञान त सर्वज्ञ तथागत अर्हतहरूकोनै हो, केही फरक देखिदैन।

Downloaded from http://dhamma.digital

दुशील भएको विपाकत जोसुकैले पनि भोग नगरी सुख-पाउने होइन। जस्तोसुकै पाप गरे पनि पढ़ेर पाप नाश हुने भए शील सदाचारलाई पालन गर्नै बेकार भयो।

पञ्चशील पालन नभएको धर्म धर्मनै हुन सक्दैन। जसको धर्म भएपनि पापत गर्नै नहुने हो। केवल अविद्या मिथ्या भावले छोपी राख्दा पञ्चशील पालन गर्न मुस्कील भएको हो। (यसमा) देवतापूजा गरी धर्म सम्झी हिंसादि कर्म गरी पञ्च-शील बिगार्नु त अन्धभक्ति र धर्मान्ध सिवाय अरू के भन्न सकिएला। हो होइन विचार गरी धर्म सुधार भई सबैलाई शुभशान्ति होवोस्।

## बुद्धको पाँच ज्ञानमूर्ति

सिद्धार्थ कुमार गौतमले बुद्ध गयामा बुद्धत्व प्राप्त गरेपछि तथागत सम्यकसम्बुद्ध हुनु भएको हो। "तथागत पहिले हुनु भएका बुद्धहरूले निम्न लेखिए अनुसारका नियमहरू पुरा गर्नु भएकाले" भनिएको हो:—

दश पारमिता दश उप पारमिता दश परमत्थपारमितादि तीस पारमिता।

तीन चर्य्या—(१) लोकार्थ चर्य्या (२) ज्ञानार्थ चर्य्या (३) बुद्धार्थ चर्य्या।

पाँच महात्याग—[१] धन [२] पुत्र [३] भार्य्या [४] कार्य्याङ्ग [५] जीवित।

Downloaded from http://dhamma.digital

त्यस्तै पारमितादि पुरा गर्नेलाई "तथागत" भनिन्छ। पहिले हुनु भएका दीपङ्करादि बुद्धहरू, अहिले हुनु भएको गौतम बुद्ध तथा भविष्यमा हुने मैत्रेय बुद्धहरूले त्यही पारमितादि पुरा गर्नु हुने भएकोले "तथागत" भनिएको हो। सम्पूर्ण क्लेश नास गरी पुनर्जन्मको चक्रबाट मुक्त भई विरज विमल ज्ञान प्राप्त गर्नु भएकोले नै अर्हत सम्यक् सम्बुद्ध कहलाइएको हो।

गौतमको सम्यक् सम्बुद्धत्व प्राप्त भईसकेपछि दैनिक पाँच चर्य्याको भावलाई नेपालमा पञ्चमहाभूतको वर्ण पञ्चज्ञानको पाँच मुद्रा तथा पञ्च बुद्धको मूर्ति निर्माण गरी स्वयम्भू ज्योतिरूप धर्मधातु बागीश्वर आदिबुद्धको नाम दिई ज्ञान दर्शन गराई राखेको हो।

ती पाँचवटा दिनचर्य्या यस प्रकारका छन्—

१. वैरोचन—त्रिलोकलाई ज्ञान प्रसारण गरिरहेको।

२. अक्षोभ्य—भूमि स्पर्श गरी "तथागत" को हेतु देखाई रहेको।

३. रत्नसम्भव—त्रिलोकलाई अभय प्रदान गर्न मैत्रीयुक्त करुणा लिइरहेको।

४. अमिताभ—कसलाई कुन प्रकारले उपकार होला भनी समापत्ति ध्यानद्वारा हेरिरहेको।

५. अमोघ सिद्धि—अविद्यारूपी अन्धकारलाई फाड्न धर्मोपदेश गरिरहेको।

यही पाँच चर्य्यालाई मूर्ति निर्माण गरी ज्ञान दर्शन दिई राखेको हो। यही कुरालाई आजकल भाव फरक पारी अर्कै तिर मोडी राखेको छ। ज्ञानलाई देवता भनी भूलको भँवरीमा

Downloaded from http://dhamma.digital

चक्कर खेलाई रहेको छ। तथागत ज्ञानको प्रमाण "नामसंगीति" मा धेरै नै पाइन्छ।

१. सुविशुद्ध धर्मधातु ज्ञान।
२. आदर्शना ज्ञान।
३. प्रत्यवेक्षण ज्ञान।
४. समता ज्ञान।
५. कृत्यानुष्ठान ज्ञान इत्यादि।

यी माथि लेखिएका ज्ञानलाई गाथा बनाई धेरै नै महत्व दिई राखेको छ। सम्यक् रूपले हेरे पनि पर्य्याप्त छ। सबभन्दा विचारणीय कुरा के भने दुनियामा इन्द्र चक्रवर्ति, बुद्ध एक समयमा योटै सिवाय दुइ जना हुन सक्तैन। चर्य्या पालन गरी धेरै बुद्ध बनी सके। भविष्यमा कति जना निस्कने हुन्, केही निश्चय छैन।

स्वयम्भू धर्मधातु भनेको साँच्चै नै हो। पाँच धातु कहिल्यै नसिद्धिने र न कसैले बनाएको न एक नयाँ आविष्कार हो। त्यही धातु अन्तर्गत अन्धकारको पर्दा हटाई निर्मल ज्योति प्रकाश गरिएको छ। देव मनुष्य सम्पूर्ण प्राणीहरूलाई उपकार हुने जन्म जरा व्याधि मरण दुःख रहित निर्वाण मार्गलाई साक्षात्कार गरी आर्य्यादि बुद्धहरूले अष्टांगिक मार्गद्वारा निर्वाणमा पुऱ्याइराखेको हो। आजकल नेपालमा तान्त्रिक मिश्रित महायान बुद्ध धर्म धमाधम ग्रहण गराइदै छन्। तान्त्रिक आचार्य्यहरूले पञ्चाभिषेक, अष्टाभिषेक, दशाभिषेक, दिनलाई नाना प्रकारको चलन चलितमा ल्याई राखेका छन्।

Downloaded from http://dhamma.digital

स्नान, चौर, नङ्ग काटने, भई लिप्ने, पवित्र बस्त्र पहिरिने इत्यादि कार्यबाट निर्बृत्ति गराई गर्भ देह शुद्ध गरिन्छ। पञ्च गर्भ लिनलाई नन्दा, भद्रा, कपिला, जया, शीला नामक पाँच रङ्गका गाईको दुध, दही, घिऊ, मूत्र, गोवर पाँच पदार्थको संमिश्रणादि पिलाइन्छ र साथै छर्किन्छ पनि। त्यति कृयाबाट देह शुद्ध गराएपछि अष्टमीव्रत पूजा लगाउँछन्। यी भाव कृयाहरू मिथ्या नै भए पनि हाम्रो नेपालमा अत्यन्त राम्रो मानिएको छ। तर त्यही तान्त्रिक मिश्रित महायान ह्लासामा आजसम्म प्रचलित छँदैछ। त्यहाँत गर्भ देह शुद्ध गर्नलाई गाईको दूध दही घिऊ मूत्र गोवरको संमिश्रण गरी आचमन गर्ने आवश्यकता छैन, त्यस्तै नङ्ग काटने भई लिप्ने आदि कार्य पनि गर्न पर्दैन।

शाक्यमुनि गौतम बुद्धको थेरवादी शासनमा सांसारिक दुःख तथा दुःखको कारणलाई अन्त गर्ने आठ मार्ग दिई राखेको छ। ती आठमार्ग [१] सम्यक दृष्टि [२] सम्यक संकल्प [३] सम्यक वाक्य [४] सम्यक कर्म [५] सम्यक व्यायाम [६] सम्यक आजीव [७] सम्यक स्मृति [८] सम्यक समाधिमा नगै दुःखबाट मुक्त हुँदैन भनी नेपालमा अष्टमी ब्रत पूजा लगाई राखेको कति राम्रो छ। त्रिरत्नको शरणमा जानको निम्ति विभिन्न विधि विधानद्वारा अष्टमी ब्रत गराई राखेका छन्। सर्वप्रथम बुद्ध धर्म तथा सङ्घको तीन मण्डल निर्माण गर्दछन्। बुद्धको मण्डलमा पञ्चबुद्धको नामोच्चारण गरी पुष्प प्रदर्शन गरिन्छ। धर्मको मण्डलमा बुद्धले व्याख्या गर्नु भएको धर्म ग्रन्थको नामोच्चारण गरी पुष्प प्रदर्शन गरिन्छ। सङ्घको

Downloaded from http://dhamma.digital

मण्डलमा बोधिसत्व लोकेश्वरहरूको नामोच्चारण गरी पुष्प प्रदर्शन गरिन्छ। ठूलो मण्डलमा धर्मधातु मण्डल भनी एकादश शीर तथा अष्ट भुजाले युक्त अमोघ पास लोकेश्वरको मूर्ति स्थापना गरी पवित्र गङ्गाजल ल्याई अनेक उपचार र विधि विधानले पूजा गरिन्छ। उक्त क्रियाबाट सम्पूर्ण पापाचार नाश हुन्छ र मोक्ष निर्वाण समेत पाइ अभ्यन्तर [ भिन्न भाव नगरी दुःखबाट मुक्त भैरहेको स्थान ] मा भित्रिई ज्ञानकाय, धर्मकाय, निर्माणकाय, सम्भोगकायको ज्ञानमूर्ति निर्माण गरी दर्शन दिइराखेको छ। अलङ्कार मुद्रा वर्ण सहित, वज्रसत्व, वज्रवाराही, वज्रयोगिनी, हेरुक, चक्रसम्बर, नैरात्मा इत्यादिको मूर्ति अनुसार गीत बनाई वाद्य तालको ध्वनिमा नाची ज्ञान दर्शन दिई सुनाई देखाई राखेको हेर्दा त कत्रो महत्ताको आभास पाइने पर्थ्यो ? त्यसकारण हामी सबैले त्यही ज्ञान दर्शनको विश्वास र निश्चय गरी सारा घरखेत बेचेर भए पनि यौटा दीक्षा त नलिई हुँदैन भनी आइरहेका छौं। किनभने तन्त्र मन्त्रको बलले साधन गरी पञ्च काम गुणलाई ग्रहण गरे तापनि निर्वाणमा प्राप्त हुने मार्ग जानी ग्रहण गरिरहेको हो वा कुन्नि आचार्यले यजमानको हात समाती डोऱ्याएर लैजाने बेलामा पढ्ने वाक्य हेर्दा त होकित भनी पत्यार पनि मान्नु पर्ने। तर त्यस किसिमको क्रियाबाट निर्वाणमा प्राप्त भए नभएको मात्र पत्ता पाउन सकेका छैनौं।

फेरि बाह्र महीनाको बाह्र तीर्थमा अष्टमी व्रत पूजा लगाई आएको हेर्दा बिलकुल राम्रो लाग्छ। तीर्थ महात्म्ये पुराण सुनाई आँधी बेहोरी घाम पानी आदिबाट हुने अनेक कष्टको

Downloaded from http://dhamma.digital

सामना गराई नाना विधि विधानद्वारा वर्षदिनसम्म अष्टमी व्रत पूजा लगाई पूर्ण गरी बिसर्जन गर्न सके पूर्ण फल प्राप्त हुने र नसके पूर्ण फल प्राप्त नहुने भनी पञ्चशीललाई राम्ररी बिकार गरी केही नजान्नेहरूलाई धर्म भनी देखाई सुनाई सन्तोष पारी राखेको यी सबै तान्त्रीक आचार्य्यहरूको लाभ सत्कारको उपाय सिवाय अरू केही होइन ।

शानदार भोज भडकिलो पोशाक हिंसादि कर्म मद्य पान आदि मात्र नगरी पञ्चशीललाई बिकार नगरी अष्टमी व्रत मात्र समाप्त नगरी दिएको भए कति लाभ हुने थियो । मनमा गढ़ेर बिचार गर्नु होस् ।

आज हामी नेपालको बौद्ध शासनमा अविद्या मिथ्या भावले परिपूर्ण भएकोले हामीदेखि बाहिरका मानिसहरूसित दुई-कुरा सम्म पनि गर्न नसकी लाजले मुन्टो निहुराई परस्परमा कलह गरी आफ्नो खुट्टामा आफैले बञ्चरोले हानी बसी रहनु परेको छ ।

अभ्यन्तरमा पुगी सकेका पनि बाहिर निस्की भात-भान्साको भेदभाव राखी रहेका आचार्य्यहरूले त्रिरत्नको शरणमा लगी निर्बाणमा लगीदेला भन्ने कुन चाँहीं पत्याउलान् र ? आजको दुनियाँमा त्यस्ता कुरा तर्फ ध्यान आकर्षित गरी ठगुंला भन्ने विचार लिनु त एकदम असम्भव छ । अब त एकताको सूत्रमा भेदभाव पन्छाई अभ्युन्तरमा प्रवेश गरी मैत्री युक्त करुणा ग्रहण गरी कार्य गर्नु सिवाय राजशक्ति पनि कामयाव हुन सक्दैन ।

स्वयम्भू धर्मधातु ज्योतिरूप आदि बुद्ध भन्दाभन्दै पनि

Downloaded from http://dhamma.digital

बुद्धलाई न्यास हाली साधना गर्न न्यास झिक्ने कृया आश्चर्य-जनक छैन? भूत प्रेतलाई जस्तो बुद्धलाई मन्त्र तन्त्रले बोलाई साधन गर्न सक्ने महापुरुष कोही विश्वमा होला? यो कस्तो अनौठो एवं मिथ्या अन्ध विश्वासमा हामी भुलि-रहेछौं। तान्त्रिकहरूको भरमा स्वभाव धर्मलाई ख्याल नराखी मन्त्र तन्त्रहरूको भरोसामा बसी अधर्मलाई धर्म धर्मलाई अधर्म सम्झी स्वयम्भू ज्ञानलाई लोप गरी नाना प्रकारको नामाकरण गरी भतियार लगाई मद्यपान तथा हिंसादि कर्म गरी स्वयम्भू ज्ञानलाई विलीन गर्न लागेको हो वा होइन, आफ्नो आफ्नो गच्छे अनुसार विचार गर्न शक्ति सबैसङ्ग होला। के गरौं आचार्य भनाई अनाचार्यपूर्ण कार्य गरी हिड्ने गुरुहरूले गर्दा जानाजान देखादेखी पतन भै रहनु त मानिसको धर्म हैन।

जुन हो बुद्ध भएर आउनु भएको उहाँले संसारमा धर्म प्रचारार्थ पहिले पहिलेका बुद्धहरूले कुन नियम बाँधी आएका हुन्। भिक्षुले भिक्षु बनाई आएको परम्परा देखि चली आएको भनि जानी, पहिले स्वयमेव चूडाकर्म गरी अनि बुद्ध भै पञ्च-भद्रवर्गी मध्ये कौण्डन्यलाई ज्ञान राम्ररी बुझाई प्रवज्या ग्रहण गराएको पछि चार जनालाई पनि ज्ञान बताएर प्रवजीत गरेको एशकुमारादिलाई ज्ञान बताई प्रवजीत गरेको र साठी जना भिक्षु एकत्रित भएपछि प्रवजीत गराउने भिक्षुले भिक्षु बनाई आएको नियम बाँधी देश देशावरमा धर्म प्रचार गराउनु भएको नियम आजसम्म पनि प्रचलित छँदैछ। हाम्रो नेपाल खाल्डो भित्र मात्र तान्त्रिक मिश्रित महायानले गर्दा काशाय वस्त्र त्याग गरी सकेका

Downloaded from http://dhamma.digital

गृहस्थी तथा कथित आचार्य्यहरूले चूडाकर्म गरो गराई आइरहेको हो। हाम्रो नेपालको बुद्ध धर्मको इज्जत कहाँसम्म रहला यदि यस्तो कृया नेपाल बाहिरका अरू देशहरूले सुने वा देखे भने? कुनै देशमा पनि नभएको कार्य भएकोले विदेशीहरूले प्रशंसाको तकमा देला भन्ने सपनामा पनि चिताउनु पर्दैन। चेतन शक्तिहीन दूधमुखे बालकहरूलाई चूडाकर्म गराई सारा सन्तान भिक्षु बनी रहेको नियम अरू कुनै देशमा पाइन्दैन। केवल नेपाल भित्र चलिरहेको कार्य्य भएकोले अत्यन्त आश्चर्य्यजनक कुरा सम्भिन्न परेको छ।

नेपालमा तान्त्रिक आचार्य्यहरूले मन्त्रद्वारा भूत प्रेत सीक् अगति वायु यक्ष मिथ्यादृष्टि देवताहरूलाई साधन गरी वशीकरण गर्न सक्लान् जस्तो त लाग्छ, तर शक्तिशालीहरूले मात्र। त्यही शक्तीको आधारमा साधनद्वारा मरी अगतिमा परिरहेकाहरूलाई उतार्न सक्छु भनी नाना थरीका कृया गरी आई रहेका हुन्। तर मुख्य गर्नु पर्ने जीवितावस्थामा हो। सम्यक् ज्ञान सुनाउने पञ्च उपादान स्कन्ध संभार गराउने परमार्थ ज्ञान साधन हुने शील नियमको आचरण गराउने आदि उपदेश कुनै कुरा नगराई नसुनाई मिथ्यापूर्ण भावको आधारमा मरेर विस्मात भैरहेको अवस्थामा कर्माकर्मद्वारा मृतक आत्मालाई पार उतारी दिने भन्दै विभिन्न किसिमका विधिविधान बनाई भोज लगाई राखेको कृया सबै कपाल दुख्नेलाई टाउकामा ठक्कर खुवाउनु जस्तो हो।

सम्यक सम्बुद्ध तथागत जस्तो हुनु भै सकेकोले पनि त कसैले कसैलाई पार गर्न सक्दैन "अत्ताहि अत्तनो नाथ" आफू सिवाय

Downloaded from http://dhamma.digital

अरू कोही व्हैन भनी धर्मोपदेश गर्नु भएको छ। अतीतमा गरी आइसकेको यातना प्रति बिस्माल र भविष्यमा सहनु पर्ने यातना प्रति शोक नगरी केवल वर्तमान कालमा आफ्नो सामु पर्न आएको दुःख, सहनशील पालन तथा पाप कर्मबाट बञ्चित गराई सत्य मार्ग मार्फत पार उतारी दिनु भएको थियो। भगवान् बुद्धले पनि कसैले कसैलाई पार लैजान सक्छ भनी आज्ञा गर्नु भएको छैन यो अत्यन्त गहन विषय हो।

संसारमा हरिकङ्गालहरूको कुरा त परै जावस् ठुल ठुला धन कुवेरहरूले पनि मृतक आत्माले पार पाउँदैन कि भनी डर शङ्का मानी मिथ्याभाव पूर्ण कुरालाई पनि अपनाई आई रहेका छन्। अर्को कुरा लोकोपवादको मारदेखि बच्नलाई आफुसङ्ग धन दौलत छउञ्जेल अनेक प्रकारबाट भोज भतियार लगाई कुल व्यवहार भनी चलाई आई रहन्छन्। चाहे त्यो कृया मिथ्यापूर्ण तथा बद्चलनकै होस्। ढुकुटी रित्तिए पछि लोकोपबाद र मृतक व्यक्ति पार तर्दैन कि भन्ने शङ्का र भय कुनै रहदैन। अनि कष्ट सही बिवेकहीन भई गरेको उपादानको फल भोग्न परेकोमा थक् थक मात्र थाल्छन्। शील समाधि प्रज्ञा प्रति श्रद्धा भाव भक्ति शीलमा रही मृत्यु भई जानेलाई तान्त्रीक आचार्यहरूले कृयाविधि नगर्दैमा नतर्ने हुन्छन्? यो विचारवानहरूले ध्यानमा राखी विचार गर्नु पर्ने विषय हो। हामी सबै मिथ्याभावबाट मुक्त हुनको लागी यो विषयमा अवश्यमेव विचार विमर्श गरी हेर्नु होला भन्ने आशा छ।

दानादि शील पारंगत बुद्धले आज्ञा गर्नु भएको छ "दान गर्नाले मात्र दुर्गति निवारण हुन्छ।" हुन पनि हो लोभवश

Downloaded from http://dhamma.digital

दुर्गति र दुःखको चक्रमा पर्नु परेको छ। यो ज्ञानहीन तथा अन्धकारको कारण हो तसर्थ भगवान बुद्ध दानादि पारमिता पूर्ण गरी प्रकाश हुनु भएको हो।

कसैलाई रोगले सताएमा अथवा केही दशा बिपरित भएमा स्वयम्भूको धर्मपाल अजिमा ( चुडानी भिक्षुणी ) लाई अघि सारी माथिकोले छोपेछ भनी दोष देखाएर औगातमाफिक पुजाको भाकल गराई हिंसा र मदिराले सहितको पूजा अथवा रात्रीपूजा आदि अनेक पूजा गराई लाख सत्कार गर्दछन्। भोज लगाई जाँड रक्सीले मात्तिई भइमा खुट्टै नटेक्ने गरी हिंडने यो कुन बौद्धिक सिद्धान्त हो? स्वयम्भूलाई बिगारी अपवित्र अशुद्ध गराई बस्नु परेकोछ। शुद्ध निर्मल बुद्ध धर्मलाई तान्त्रीकको संमिश्रणले अन्ध विश्वासी धर्म तुल्याई राखेको छ। यसमा न विनय छ, न शील छ, नत शुद्ध भावना नै। केवल नाम मात्रको बुद्ध धर्म। बुद्ध धर्म संघको शरणागत भावलाई विकार गरी कर्तव्यको अपेक्षा शरणमा गैराखेको यो बुद्ध धर्म संघको ज्ञानमा कति हानी बिपरित एवम् मिथ्या भावले पूर्ण भई रहेको छ। बिचारवानहरूले मनन गर्नु पर्ने विषय हो। आफूले गरी आएको पाप दुष्कर्म सिर्फ एक मन्त्रोच्चारणले सफाचट हुनेरे! विश्वास अन्धकार र अविद्याको बादलले ढाकेर जातिभेद भाव उत्पन्न गरी अभ्यन्तरमा पुगी सकेपछि ज्ञानदर्शन दिइराखेको छ। यो अन्ध भक्ति सिवाय अरू के होला? तसर्थ दुःख तथा दुःखको हेतु समाप्त गरी अनित्य दुःख अनात्मबाट अलग्ग भई बज्रसत्व ज्ञानादि प्राप्त गरेर निर्वाणमा पुग्ने क्रया विधि हो होइन बिचारवानहरूले बिचार गरी

Downloaded from http://dhamma.digital

हेर्नु पर्ने कारण छ। विचार गर्न नसक्नेहरूलाई के भो र ?

स्वयम्भूको सेवा विना निर्वाणमा प्राप्त हुँदैन। बाहिर तवरबाट पनि सुघर सफा भई भावभक्ति पुरा गरी मनमा आनन्द सन्तोष लिनु पर्दछ। फेरि आन्तरिक गति सुधारको साधन दान, शील, भावना पुरा गरी जन्मको सारत्व देखाई बस्नु पर्छ। स्वयम्भू स्थानमा भोज लगाई हिंसादि कर्म मद्यपान गरेर मात्र सारत्व देखिंदैन।

सम्यक दृष्टि र मिथ्यादृष्टिको भिन्नतालाई भगवानको धर्मसा सुस्पष्ट व्याख्या गरी राखेको छ। विनय, सूत्र तथा अभि धर्म त्रिपिटक ग्रन्थको पनि एकबाजि अवलोकन गर्नु होला। हाम्रो नेपालमा यथाशिघ्र विशुद्ध बुद्ध धर्मको सुर्योदय होस् भनी कामना गर्छु।

(यो लेख शुद्ध शुद्ध होओइन विचार गरी मूल सच्याई धर्म सहायता गर्नु होला भन्ने आशा छ --लेखक)

अनुवादक | लेखक
रामकुमार तिवारी | भिक्षुक धर्मलोक स्थवीर

॥ सुभमस्तु सर्वदा ॥

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु धर्मालोक को

## ग्रन्थमाला—

१. लोकय् कुशाल कुव्यवहार सुधार
२. अनुत्तर विजय 'गुरुमण्डल'
३. ईश्वर ह्मसीकि
४. बुद्धगुण, धर्मगुण, संघगुण
५. प्रज्ञादर्शन प्रथम भाग
६. ऐ. द्वितीय भाग
७. सतिपट्ठान
८. ज्ञानमाला
९. परित्राण
१०. महा चीन यात्रा
११. त्रिरत्न वन्दना
१२. पञ्चशील
१३. भावसुधार
१४. चर्य्याचार बुद्धको ज्ञानमा पाँच ज्ञान मूर्ति बुद्ध
नाम-रूप निरोध
१५. चर्य्याचार बुद्धको ज्ञानमा पाँच ज्ञान बुद्ध मूर्ति
धयागु न्ह्यसःया लिसःयात लिसः
१६ "बुद्धया पुत्र प्रति उपदेश" यात
छगू प्रतिवाद

Downloaded from http://dhamma.digital